पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरु
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय
बिहान ९:३० बजे

सम्पर्क: मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ९३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख ३ गते बुधबार ❑ 16 April 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## गण्डकी प्रदेशको बजेट नौ महिनामा ३५ प्रतिशत खर्च

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

गण्डकी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को नौ महिनामा ३५ दशमलव ४९ प्रतिशत बजेट खर्च गरेको छ।

चालु आर्थिक वर्ष सकिन तीन महिना बाँकी रहँदा प्रदेशले चैत मसान्तसम्म रु एघार अर्ब ७० करोड ६३ लाख ८१ हजार आठ सय १९ रुपैयाँ खर्च गरेको हो। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे नेतृत्व सरकारले यस आर्थिक वर्षका लागि ३२ अर्ब ९७ करोड ८५ लाख ७५ हजारको बजेट विनियोजन गरेको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेशका अनुसार चालु वर्षमा गत वर्षभन्दा चार दशमलव २१ प्रतिशत बढी बजेट खर्च भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा यही अवधिमा ३१ दशमलव २८ प्रतिशत बजेट खर्च भएको थियो।

यो वर्षको नौ महिनामा पुँजीगत बजेटतर्फ ३४ दशमलव ८१ प्रतिशत खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकीका प्रदेश लेखा नियन्त्रक सुरेश सुवेदीले जानकारी दिनुभयो। चालुतर्फ ३७ दशमलव ३२ प्रतिशत खर्च भइसकेको उहाँले बताउनुभयो । गण्डकीमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित नौ वटा मन्त्रालय छन्। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका लागि एक अर्ब दुई करोड विनियोजन गरिएको छ । जसमा २८ करोड १२ लाख मात्र खर्च गरेको छ । यो २७ दशमवल ४१ प्रतिशत हो। आर्थिक मामिला मन्त्रालयले चैत मसान्तसम्म २४ दशमलव ३३ प्रतिशत खर्च गरेको छ । यस मन्त्रालयको बजेट १७ करोड १४ लाख रुपैयाँ बजेट रहेको छ। उद्योग तथा पर्यटन मन्त्रालयले अहिलेसम्म १९ दशमलव चार प्रतिशत खर्च गर्न सकेको छ । मन्त्रालयको बजेट ६५ करोड १० लाख ८४ हजार छ । वन तथा वातावरण मन्त्रालयको खर्च अन्य मन्त्रालयको तुलनामा राम्रो देखिएको छ। रु ९३ करोड ६६ लाख बजेटमध्ये मन्त्रालयले ४३ करोड ३८ लाख खर्च गरेको छ । जुन ४६ दशमलव तीन प्रतिशत हो । बजेट आएपछि उद्योग मन्त्रालयबाट वन मन्त्रालय छुट्याइएको थियो । कृषि तथा भूमि व्यवस्था मन्त्रालयका लागि यसवर्ष दुई अर्ब नौ करोड बजेट छ। चैत मसान्त सम्ममा मन्त्रालयका लागि छुट्याइएको बजेटको ३२ दशमलव ३४ प्रतिशत अर्थात् ६७ करोड ९१ लाख रुपैयाँ खर्च भएको छ। भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले अहिलेसम्म रु चार अर्ब ६५ करोड १७ लाख २२ हजार खर्च गरेको छ। यस मन्त्रालयका लागि १२ अर्ब ७० करोड १६ लाख ६६ हजार बजेट छुट्याइएको थियो।

जसमध्ये ३६ दशमलव ६२ प्रतिशत खर्च भएको हो। ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको बजेट चार अर्ब दुई करोडमध्ये एक अर्ब ९२ करोड खर्च भएको छ । प्रदेश सरकारमा सबैभन्दा बढी ४७ दशमवल नौ प्रतिशत खर्च गर्ने मन्त्रालय ऊर्जा मन्त्रालय बनेको छ । प्रदेशको स्वास्थ्य मन्त्रालयले दुई अर्ब ९९ करोड ६२ लाख बजेटमध्ये ३९ प्रतिशत खर्च गरेको छ। प्रदेशको अर्को मन्त्रालय सामाजिक विकास युवा तथा खेलकुदमा यस वर्ष दुई अर्ब ५० करोड बजेट छ। त्यसमध्ये ७९ करोड सात लाख अर्थात् ३१ दशमलव छ प्रतिशत खर्च भएको छ।

## भैरहवा र पोखराबाट उडान गर्न कतार एयरवेजलाई नेपालको आग्रह

**रासस**
पोखरा, २ बैशाख

कतार एयरवेजले नेपालमा उडान सङ्ख्या बढाउन चासो देखाएको छ।

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का महानिर्देशक प्रदीप अधिकारी र कतार नागरिक उड्डयन प्राधिकरणका अध्यक्ष मोहमद विन फहेल अल हजारीबीच भएको भेटवार्ताको क्रममा कतारले नेपालमा उडान बढाउने सकारात्मक प्रतिक्रिया जनाएको हो । उहाँहरूबीच कतारमा अन्तरराष्ट्रिय नागरिक उड्डयन सङ्गठन (आइकाओ) फ्यासिलिटेसन कन्फ्रेन्सका क्रममा आज भेटवार्ता भएको हो।

क्यानका सूचना अधिकारी ज्ञानेन्द्र भूलका अनुसार महानिर्देशक प्रदीप अधिकारीले भैरहवा र पोखराबाट उडान गर्न आग्रह गर्नुभएको थियो । जवाफमा कतारको सिभिल एभिएसनका अध्यक्षले दुवै विमानस्थलको प्राविधिक पक्ष र बजारको अययन गरेर निर्णय लिने प्रतिक्रिया दिएको थियो । कतारले काठमाडौँस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा साविक बमोजिम उडान गर्नेगरी नेपालसँग प्रस्ताव राखेको छ । कतारले काठमाडौँमा दैनिक चारसहित साताको २८ उडान गर्दै आएको छ । यसबीचमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको धावनमार्ग मर्मतको क्रममा एक उडान भैरहवाबाट गर्ने व्यवस्था मिलाइएको थियो।

नेपालकोतर्फबाट भैरहवा र पोखरामा उडान गर्न आग्रह गरिएको थियो । त्यसको लागि सहकार्य गरेर नयाँ विमानस्थलको प्राविधिक र बजारको अध्ययन गरेर निर्णय लिने जतारले प्रतिक्रिया दिएको छ । कतारी पक्षले काठमाडौँ विमानस्थलमा साताको २८ उडानको अपेक्षा गरेको थियो। नेपालले भैरहवा र पोखरा विमानस्थलमा उडान गर्नेगरी शर्त राखेको थियो। दुवै विषयमा छिट्टै निर्णयमा पुगिन क्यानले उल्लेख गरेको छ। "भैरहवा र पोखराबाट कतार एयरवेजको उडान गर्नका लागि सहजीकरण गरिदिन त्यहाँको नागरिक उड्डयन प्राधिकरणलाई आग्रह गरिएको छ", सूचना अधिकारी भुलले भन्नुभयो। सो अवसरमा कतारले आइकाओ काउन्सि परिषद्को निर्वाचनमा सहयोग गर्न आग्रह गरेको थियो। नेपालले सहयोग गर्ने बचन दिँदै र पोखराबाट उडान गर्नुपर्ने शर्त राखेको थियो। आइकाओ आवद्ध एकसय ९३ देशहरुमध्ये ३६ देशको काउन्सिल परिषद् हुन्छ । तीन समूहमा १२-१२ देश रहन्छन्। कतार सन् २०२२ मा तीन वर्षका लागि निर्वाचित भएको थियो।

सन् २०२६ मा हुने काउन्सिल निर्वाचनका लागि कतारले नेपाललाई सहयोग मागेको छ। प्राधिकरणले भैरहवा र पोखराबाट उडान गर्नुपर्छ उहाँहरूबीच पारस्परिक हित र सम्बन्ध सुमधुर बनाउन फलदायी छलफल भएको प्राधिकरणले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उक्त बैठकमा कतारले कतार एयरवेजको टिआइएएमा हप्तामा २८ उडानको अनुमति पुनः गर्ने र आगामी आइकाओको काउन्सिलेको निर्वाचनमा कतारको सदस्यताका लागि नेपालको समर्थनमा केन्द्रित भएको थियो ।

क्यानले कतार एयरवेद्धार गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल र पोखरा अन्तरराष्ट्रिय विमानस्थल सञ्चालन गर्न नेपाली वायुसेवा कम्पनीसँग घरेलु कोड साझेदारी व्यवस्थामा सहयोग गर्ने आश्वासन दिएको थियो । हवाई उद्योगको हितका लागि आपसी चासोको समाधान गर्न छिट्टै संयुक्त प्राविधिक टोली गठन गर्ने समझदारीसहित बैठक सम्पन्न भएको क्यानले जनाएको छ । भैरहवा अन्तरराष्ट्रिय विमानस्थलमा करिब आधा दर्जन एयरलाइन्सले उडान गर्दै आएकामा समर सिजन अप्रिल १ अर्थात् चैत १९ देखि सुरु भएको समर सिजनमा कुनै पनि अन्तरराष्ट्रिय वायुसेवा कम्पनीले भैरहवा उडानको 'सेड्युल' पेस नगरेपछि तत्काललाई अन्तरराष्ट्रिय उडान स्थगित भएको विमानस्थल कार्यालयले जनाएको छ।

उक्त विमानस्थलमा ३० मार्चसम्म अन्तरराष्ट्रिय उडान भएको थियो। भैरहवामा जजीरा एयरवेज, थाई एयर एसिया र फ्लाई दुबईले नियमित उडान गर्दै आइरहेका थिए । नेपाल एयरलाइन्सले काठमाडौँ-भैरहवा-दुबई उडान गरे पनि भैरहवामा 'टच डाउन' मात्र गर्ने गरेको छ। कतार एयरवेजले केही समय उडान गरेर पुसमै सेवा बन्द गरेको थियो । पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा हिमालय एयरलाइन्सले नियमित व्यावसायिक उडान र सिचुवान एयरलाइन्सले नियमित चार्टर्ड उडान गरिरहेका छन्।

## आत्मसमीक्षासहित देशको स्थिति बुझाउन जागरण अभियान सफल भइरहेको छः अध्यक्ष दाहाल

**रासस**
नवलपुर, २ बैशाख

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले तराई-मधेस जागरण अभियान जनताको बीचमा आत्मसमीक्षासहित देशको स्थिति बुझाउन सफल भइरहेको बताउनुभएको छ।

नवलपरासी (बर्दघाट सुस्तापूर्व) बाट पुनः सुरू गरेको अभियानका क्रममा मंगलबार कावासोती पुगेपछि उहाँले जनतामा रहेको भ्रम र असन्तुष्टि चिर्न अभियान सफल बन्दै गएको बताउनुभएको हो । "विगतमा हामीले सरकार र काठमाडौँ केन्द्रित कुरामा अलि बढी ध्यान दियौँ भन्ने कमजोरी स्वीकारेपछि देशव्यापी अभियान सुरु भएको छ। यसक्रममा आफ्नो विचार, मुद्दा, आफ्नो वर्ग समुदाय र जनतासँगको सम्बन्धलाई जोड्नुपर्छ भनेर हामी अभियानमा जुटेका हौँ", अध्यक्ष दाहालले भन्नुभयो, "यो अभियानले जनतामा ठूलो उत्साह थपिरहेको छ। सबै वर्गका जनतामा सकारात्मक उभार आएको छ।"

पछिल्लो परिवर्तन र गणतन्त्रको रक्षा गर्ने प्रमुख जिम्मेवारी माओवादीको भएकाले त्यो जिम्मेवारी पूरा गर्न जनताको घरदैलोमा हिँडेको र देशमा देखिएको असन्तुष्टि अन्त्यका लागि माओवादीले पहल गरिरहेको उहाँको भनाइ छ । काठमाडौँमा भइरहेको शिक्षकहरूको आन्दोलनबारे धारणा राख्दै पूर्वप्रधानमन्त्री दाहालले आफू प्रधानमन्त्री हुँदा शिक्षकहरूसँग गरेको सम्झौताअनुसार काम अगाडि बढेको दाबी गर्नुभयो । वर्तमान सरकारले शिक्षकको जायज मागहरू पूरा गर्नुपर्ने र त्यसका लागि यसअघि भएका सहमतिलाई आधार मान्नुपर्ने उहाँको धारणा थियो।

अभियानका क्रममा नेताहरूले यहाँका बेपत्ता तथा सहिद परिवारसँग भेटघाटसमेत गर्नुभएको थियो।

## कास्कीको रुपामै सुरु गर्‍यो स्वास्थ्य बिमा, सेवाग्राहीलाई राहत

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



कास्कीको रुपा गाउँपालिकामा स्वास्थ्य बिमा कार्याक्रम लागु भए पछि पालिकामा अस्पतालको अभावमा पोखरा धाउनु पर्ने रुपाबासीलाई अब भने आफ्नै गाउँमा सेवा लिन पाउनु हुने भएको छ।

पालिकाले गाउँमै स्थापना गरेको रुपा अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम सुरु भएसंगै पोखरा धाउन पर्ने बाध्यता सोमबार देखि हटेको स्थानियले बताउनु भयो । बिमा बोर्डसँगको सहकार्यमा रुपा अस्पतालले स्वास्थ्य बिमा कार्यक्रम संचालन गरेसंगै यसबाट स्थानियलाई ठुलो राहत हुने भएको रुपा गाउँपालिका अध्यक्ष नवराज ओझाले बताउनुभयो । स्वास्थ्य सेवामा जनताको पहुँच बढाउन स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको अध्यक्ष ओझाले जनाउनु भयो । उहाँका अनुसार स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत ५ जनाको परिवारको बिमा गर्दा लाग्ने ३ हजार ५ सय रुपियाँको पचास प्रतिशत गाउँपालिकाले व्यर्होने भएको छ । बिमाको लागि अनुदान दिन पालिकाले चालु आर्थिक वर्षमा २० लाख बजेट विनियोजन गरेको ओझाले जानकारी दिनुभयो । पालिका भित्रको स्वास्थ्य संस्थामा स्वास्थ्य बिमा कार्यक्रम नहुँदा जनताले सेवा लिन पोखरा धाउनुपर्ने र विभिन्न समस्या पनि झेल्नुपर्ने भएकाले त्यसलाई सहज बनाउन स्वास्थ्य बिमा कार्यक्रम सुरुवात गरिएको उहाँको भनाइ । "जनतालाई स्थानीय सरकारको अनुभूति दिलाउन नयाँ वर्षमा नयाँ कामको थालनी गरेका छौँ,"उहाँले भन्नुभयो,"स्वास्थ्यलाईप्राथमिकतामा राखेर अस्पतालसहित ९ वटा स्वास्थ्य संस्थाबाट सेवा दिइरहेको छौँ, यो कार्यक्रमले पनि स्वास्थ्य सेवामा जनताको पहुँच बढाउन सहयोग पुग्ने विश्वास लिएको छु ।" २ जना डाक्टरसहित २८ जना अस्पतालमा कार्यरत रहेको र आगामी वर्षदेखि दाँतको सेवा विस्तार गर्ने योजना ओझाले सुनाउनुभयो । ओझाका अनुसार अस्पताल र स्वास्थ्य संस्थामा पालिकाले ५० लाख खर्च गर्दै आएको छ । स्वास्थ्य सेवालाई सहज बनाउन ९ वटै स्वास्थ्य संस्थामा गरी ३७ जनालाई करार नियुक्त गरिएको उहाँको भनाइ छ । ओझाका अनुसार अस्पतालमा सेवा लिन आएका मध्ये ३० प्रतिशतलाई मात्र अनेत्र रिफर गर्ने गरिएको छ। जनतालाई सहज हुने गरी बिहान ८ बजेबाट नै बहिरंग सेवा(ओपिडी) सुरु हुन उहाँको भनाइ छ। गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले जनतासँग प्रत्यक्ष जोडिएको सेवाको सुरुवात हुनु सुखद पक्ष भएको बताउँदै ५ महिनाको तयारीपछि सेवा आरम्भ भएको जानकारी दिनुभयो। रुपा गाउँपालिका वडा नम्बर ६ का अध्यक्ष नारायण गुरुङले स्वास्थ्य बिमा कार्यक्रमको लाभ लिन पालिकावासीलाई अनुरोधगर्नुभयो।रुपा अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डाक्टर सुवास सुवेदीले अस्पतालबाट २४ सै घण्टा इमर्जेन्सी सेवा, सार्वजनिक बिदाको दिन बाहेक ओपिडी सेवा, निशुल्क एम्बुलेन्स सुविधा, एक्स रे मेसिन, ल्याब, फार्मेसी, गर्भवती जाँच, गाउँघर स्वास्थ्य क्लिनिक, नियमित खोप सेवा उपलब्ध भएको जानकारी दिनुभयो । उहाँले स्वास्थ्य जनचेतना जगाउन विद्यालय कार्यक्रम अस्पतालले गर्दै आएको जानकारी दिनुभयो । यसैबिच, सेवाग्राही जानकी गुरुङलाई बिरामी पुर्जा दिएर स्वास्थ्य बिमा कार्यक्रम सोमबार सुरुवात गरिएको हो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# केपी ओली कप' राष्ट्रिय क्रिकेट : अत्तरिया र मालपोखरी विजयी

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

पोखरामा सञ्चालन भइरहेको दोस्रो संस्करणको 'केपी ओली कप' टी -२० राष्ट्रिय पुरुष क्रिकेट प्रतियोगिताअन्तरगत समूह 'डी' का सोमबारका खेलमा अत्तरिया क्रिकेट एकेडेमी र मालपोखरी क्रिकेट क्लब विजयी भएका छन् ।

पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा आजको पहिलो खेलमा अत्तरिया क्रिकेट एकेडेमीले होरिजोन क्रिकेट क्लबलाई चार विकेटले पराजित गरेको हो । जितका लागि एक सय ४० रनको लक्ष्य पाएको अत्तरियाले १८ ओभरको दोस्रो बलमा छ विकेट गुमाएर लक्ष्य भेट्टाउन सफल भयो ।

अत्तरियाका टेक रावतले उत्कृष्ट प्रदर्शन गर्दै ६१ रनको अविजित पारी खेले । विपिन रावलले २६ रन बनाए । होरिजोनका लागि तुलबहादुर थापा र सुवम खनालले समान दुई/दुई तथा महेश भार र निर्मल गुरुङले एक/एक विकेट हात पारे ।

त्यसअघि टस हारेर ब्याटिङको निम्तो पाएको होरिजोन क्रिकेट क्लबले १९ ओभरको पहिलो बलमा एक सय ४० रन बनाउँदै सबै विकेट गुमाएको थियो । होरिजोनको सुरुआत राम्रो हुन नसके पनि चौथो विकेटका लागि आएका कमल विष्टले 'इनिङ' उकास्ने काम गरे । विष्टले ३९ रनको उत्कृष्ट पारी खेल्दै आउट भए । विप्रस केसीले ३५ रन बनाउँदै नटआउट रहे । अत्तरियाका लागि वसन्त खत्री र भोजराज भट्टले समान तीन विकेट लिए । सुशील साउदले दुई तथा हिकमत महर र अर्जुन विकले समान एक/एक विकेट लिए । यसैगरी आजको दोस्रो खेलमा टस जितेर ब्याटिङ सुरु गरेको सुन्दर हरैंचाले निर्धारित ओभरको खेलमा एक सय २८ रन बनाएपछि जितका लागि मालपोखरी क्रिकेट क्लबले एक सय २९ रनको लक्ष्य पाएको थियो । विजयी लक्ष्य मालपोखरीले १७ ओभरको तेस्रो बलमा छ विकेट गुमाउँदै पूरा गर्न सफल भयो । सुन्दर हरैचा क्रिकेट क्लबलाई मालपोखरीले चार विकेटले हराउन सफल भएको हो ।

मालपोखरीका विजय गुप्ताले सर्वाधिक ५९ रनको उत्कृष्ट पारी खेल्दै 'रन आउट' भए । सुन्दर हरैचाका लागि समिर कार्कीले दुई तथा सन्दीप ढुङ्गाना, प्रकाश कार्की र ओमकार यादवले समान एक/एक विकेट लिए । मालपोखरीका लागि सिराज हवारी र जितेश मन्डलले दुई/दुई तथा सन्दीप खड्का, पङ्कज यादव र सोहनकुमार यादवले समान एक/एक विकेट लिए । मालपोखरीका विजय गुप्ता 'प्लेयर अफ दी म्याच' घोषित भए । प्रतियोगिता अन्तरगत समूह 'डी' दुई खेलमा दुई जितनै हासिल गरेको अत्तरिया चार अङ्कका साथ शीर्ष स्थानमा उक्लिएको छ । समूह चरणको अन्तिम खेलमा बुधबार पहिलो खेलमा होरिजोनले सुन्दर हरैचाको सामना गर्ने छ भने अत्तरियाले मालपोखरीको सामना गर्नेछ । समूहको शीर्ष टोलीले सेमिफाइनलमा स्थान बनाउनेछ ।

गत चैत २३ गतेदेखी सुरु भएको प्रतियोगिता आगामी वैशाख ५ गतेसम्म सञ्चालन हुनेछ । च्याम्पियन टोलीले नगद रु १० लाख र उपविजेताले नगद रु पाँच लाखका साथमा ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

यसैगरी 'म्यान अफ दि सिरिज'ले नगद रु ३० हजार, वेष्ट बलर, बेष्ट ब्याटरले जनही नगद रु १० हजारका साथमा ट्रफी प्राप्त गर्ने आयोजक मदन भण्डारी स्पोर्टस् एकेडेमीले जनाएको छ ।

# तेस्रो नवदुर्गा कपको उपाधि 'एनवाईसी' लाई

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



नवदुर्गा युवा क्लब पोखरा-१३ आर्वाको आयोजना तथा नवदुर्गा टोल विकास संस्थाको सह-आयोजनामा भएको तेस्रो नवदुर्गा कप भलिबल उपाधि एनवाईसीले हात पारेको छ ।

गलकोट क्लब उपविजेता बन्यो।प्रथम र दितिय समुहले क्रमश ४५,००० र ३०,००० का साथमा ट्र्फी मेडल र प्रमाणपत्र प्राप्त गरे।बेस्ट पिलेयर, बेस्ट सेटर, बेस्ट डिफेन्डर ले एक हजारको साथमा टर्फी, मेडल र प्रमाणपत्र हात पारे । तीन दिन सम्म चलेको प्रतियोगितामा १६ समुहको सहभागीता रहेको खेल सयोजक सन्त बहादुर थापाले जानकारी दिए।विजयि समूहलाई वडा सदस्य बल बहादुर बराल,सुचिता तामाङ र सरिफ मियाले पुरस्कार वितरण गरेका थिए ।यसै बिच कलाकार अमर धितालले सांगीतिक प्रस्तुति राखेका थिए ।

क्लबका अध्यक्ष मनोज बरालको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव सुदर्शन बरालले गरेका थिए ।

# आलु महोत्सव सकिदै

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



१३ औं संस्करणको राष्ट्रिय हेमजा आलु महोत्सव बुधबार सकिदैछ । समापन समारोहलाई पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले सम्बोधन गर्ने कार्यक्रम छ ।

समापनका अवसरमा बुधबार विहान रक्तदान कार्यक्रम राखिएको छ ।जसलाई विष्णुपादुका क्लव मनिप्लान्ट बचत तथा ऋण सहकारी एवम् लायन्स क्लव अफ् पोखरा आँखीभ्र्यालले संयुक्त रुपमा आयोजना गरेका छन् । त्यस्तै समापनको दिन बुधबार रत्यौली गीत प्रतियोगिताको नतिजा सार्वजनिक गरिनेछ ।जसका प्रथम हुने समूहले २० हजार, द्वितीयले १५ हजार, तृतीयले १० हजार साथै सान्त्वनालाई ५ हजारका साथमा प्रमाणपत्र प्रदान गरिनेछ। त्यसैगरी कृषि झाँकी र्‍यालीतर्फको नतिजा पनि सार्वजनिक गरिने छ । झाँकी र्‍यालीतर्फ पहिलोलाई ८ हजार, दोस्रोलाई ५ हजार, तेस्रोलाई ३ हजार तथा सान्त्वना पुरस्कार २ हजार प्रदान गर्ने तयारी आयोजकको छ । त्यस्तै सहयोगी विभिन्न संघसंस्था एवम् व्यक्तिलाई पनि मायाको चिनो सहित सम्मान गर्ने कार्यक्रम रहेको आयोजक विष्णुपादुका क्लवका अध्यक्ष वसन्तकुमार श्रेष्ठले जानकारी दिए । महोत्सवको १० औं दिन मंगलबारसम्म ९४ हजार दर्शक बढीले महोत्सव अवलोकन गरेको छन् ।जसमध्ये कुल ३ हजार ५ सय बढी घरपरिवारले आलु किनी लगेको आलु तथा कृषि उपज व्यवस्थापन उपसमिति संयोजक जयराम तिम्सिनाले जानकारी दिए ।उनले मंगलबार साँझसम्म गरी ३८ लाख बढीको आलु कारोवार भएको पनि सुनाए । महोत्सवमा मंगलबार कलाकारहरु अर्जुन सापकोटा, सुमन बिटी, मञ्जु विक, सुदिप क्षत्री, कृष्ण भट्टराई तथा आगमन व्याण्डका प्रस्तुतिहरु रहे । 'सुन्दर ठाउँ हेमजा जाउँ, आलुका स्वादिष्ट परिकार खाउँः आलु एक परिकार अनेक' भन्ने मूल नाराका साथ विष्णुपादुका क्लवको आयोजनामा महोत्सव गरिएको हो। महोत्सवको आकर्षणका रुपमा आलु तथा ताजा तरकारीको बृहत प्रदर्शन, आलुको पहाड निर्माण, आलुका विभिन्न परिकार, कृषकका लागि माटो परीक्षण तथा रोगको निदान रहेका छन् । त्यस्तै कृषक तथा कृषि सम्बन्धी विविध सांस्कृतिक कार्यक्रम, कृषि झाँकी प्रतियोगिता, चर्चित कलाकारहरुका प्रस्तुति, कृषक सम्मान साथै विभिन्न कृषि उपज, वीउविजन तथा अन्य कृषि यन्त्रको प्रदर्शनी पनि गरिएको छ। यही चैत २४ गतेबाट महोत्सव सुरु भएको हो ।

# सर्वेश्वर मिलीजुलीमा जेष्ठ नागरिक सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख



पोखरा महानगरपालिका वडा नं ११/१३ स्थित सर्वेश्वर मिलीजुली मानव सेवा समितिको आयोजनामा जेष्ठ नगारिक सम्मान तथा नव वर्षको शुभकामना आदन प्रदान हालै सम्पन्न भयो ।

कार्यक्रममा ७० वर्ष पुगेका ३० जना जेष्ठ नागरिकहरुलाई सम्मान गरिएको थियो । सोही दिन जीवन विज्ञान परिषद कास्कीको आयोजनामा उर्जा शिविर पनि गरिएको थियो। उपस्थितमा जेष्ठ सदस्य खेमराज आचार्यले कार्यक्रमको उद्घाटन गरेका थिए ।

पोखरा १३ बाँझापाटन निवासी समाजसेवी केशवहादुर विकले दुई लाख वरावरको रकमले निर्माण गरिएको जेष्ठ नागरिकहरुलाई दिनभरी आरम गर्ने कक्ष सोही दिन हस्तान्तरण भयो । सर्वेश्वर मिलीजुली मानव सेवा समितिका अध्यक्ष कृष्णप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा मनखुखी फाउण्डेशन गण्डकी प्रदेशका अध्यक्ष काशी गुरुङ, मनखुशी फाउण्डेशन कास्कीका अध्यक्ष कृष्णकुमारी गुरुङ लगायत वोलेको कार्यक्रममा समितिका सल्लाहकार सदस्य अर्जुन केसीले स्वागत गरेको कार्यक्रममा समितिकी सचिव लक्ष्मी केसीले संचालन गरेकी थिइन ।

# पेट्रोल, डिजेल र मट्टितेलको मूल्य घट्यो

**रासस**
काठमाडौं, २ बैशाख

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ ।

निगम सञ्चालक समितिको बैठकले मंगलबार मध्यरातदेखि लागू हुने गरी पेट्रोल, डिजेल र मट्टितेलको साविकको बिक्री मूल्यमा प्रतिलिटर तीन रुपैयाँ घटाएको हो ।

मूल्य घटेसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५७ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ५९ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ६० रुपैयाँ तोकिएको छ । यस्तै, डिजेल तथा मट्टितेलको मूल्य पहिलो वर्गका लागि एक सय ४३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि एक सय ४५ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ४६ रुपैयाँ निर्धारण गरिएको निगमले जनाएको छ। निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्जलाई पहिलो, सुर्खेत र दाङलाई दोस्रो र काठमाडौँ, पोखरा र दीपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ। इन्डियन आयल कर्पोरेशनबाट आज प्राप्त पेट्रोलियम पदार्थको नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा तीन रुपैयाँ १५ पैसा र डिजेलमा दुई रुपैयाँ ६२ पैसाले घटेर आएकाले स्थानीय बजारमा पनि मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ ।

# मुस्ताङका पालिकालाई अपाङ्गतासम्बन्धी सहायता सामग्री हस्तान्तरण

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २ बैशाख

यहाँका पालिकालाई अपाङ्गतासम्बन्धी सहायता सामग्री हस्तान्तरण गरिएको छ ।

शारीरिक रूपमा अशक्त, अपाङ्गता भएका र हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिकलाई लक्षित गरी जिल्लास्थित सामाजिक विकास कार्यालयले सोमबार अपाङ्गता सहायता सामग्री हस्तान्तरण गरेको हो ।

घरपझोङ गाउँपालिका कार्यालयमा जिल्लाका पाँचै वटा पालिकालाई आवश्यकताका आधारमा सामाजिक विकास कार्यालयले अपाङ्गतासम्बन्धी सहायता सामग्री हस्तान्तरण गरेको कार्यालयका प्रमुख रेवतीरमण सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार चालु आवको वार्षिक स्वीकृत कार्यक्रमअनुसार शारीरिक रूपले हिँडडुल गर्न नसक्ने अशक्त व्यक्तिको सुविधाका लागि चार किसिमका अपाङ्गतासम्बन्धी सहायता सहायता सामग्री हस्तान्तरण गरी पालिकालाई जिम्मा लगाइएको छ । फोल्डिङ लौरी, इअर सेट, ह्विलचियर र चर्पी चियर हस्तान्तरण गरिएको सापकोटाले जानकारी दिनुभयो । उहाँका अनुसार घरपझोङले फोल्डिङ लौरी ३७ थान, इअर सेट सात थान, ह्विलचियर पाँच थान र चर्पी चियर आठ थान, थासाङ गाउँपालिकाले फोल्डिङ लौरी २० थान, इअर सेट चार थान, ह्वील चियर दुई थान र चर्पी चियर दुई थान पाएका छन् ।

बारागुङ मुक्तिक्षेत्रले फोल्डिङ लौरी १० थान, इअर सेट तीन थान, ह्वीलचियर दुई र चर्पी चियर दुई थान, लोमान्थाङ गाउँपालिकाले फोल्डिङ लौरी १२ थान, इअर सेट तीन थान, ह्विलचियर दुई थान र चर्पी चियर दुई थान तथा लोघेकर दामोदरकुण्ड गाउँपालिकाले फोल्डिङ लौरी १० थान, इअर सेट तीन थान, ह्विलचियर एक थान र चर्पी चियर दुई थान प्राप्त गरेका जनाइएको छ । सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय गण्डकीका सचिव नवराज ढकाल, जिल्ला समन्वय समिति प्रमुख माया गुरुङ, सामाजिक विकास कार्यालयका प्रमुख सापकोटालगायतले यहाँका पालिकालाई ती सामग्री हस्तान्तरण गर्नुभएको थियो ।

"आयुर्वेदोऽमृतानामः"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उतेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

# दरवाङमा दोस्रो 'जेपिसी' कप फुटबल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
म्याग्दी, २ बैशाख

म्याग्दीको मालिका गाउँपालिकाको केन्द्र दरवाङमा मङ्गलबारदेखि रु एक लाख ५० हजार पुरस्कार राशिको दोस्रो 'जेपिसी' कप फुटबल प्रतियोगिता सुरु भएको छ ।

दरवाङमा रहेको जनप्रिय माविको भूतपूर्व विद्यार्थी क्लबले नव वर्ष २०८२ को अवसरमा आयोजना गरेको प्रतियोगिताको मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजाले उद्घाटन गर्नुभयो । वैशाख ६ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा २५ समूहले सहभागिता जनाएका क्लबका अध्यक्ष कुशल घर्तीले जानकारी दिनुभयो ।

उद्घाटन खेलमा मालिका गाउँपालिका-५ रुम्माले आयोजकको 'सि' समूहलाई शून्यका विरुद्ध तीन गोलले पराजित गरेको छ ।

पहिलो दिनको दोस्रो खेलमा बेनी नगरपालिका-४ तातोपानीले मालिका गाउँपालिका-५ पन्थोकलाई शून्यका विरुद्ध एक र तेस्रो खेलमा आयोजकको 'डि' समूहलाई मालिका गाउँपालिका-१ निस्कोट बेशीले एक का विरुद्ध ११ गोल गर्दै दोस्रो चरणमा प्रवेश गरेका छन् ।

प्रतियोगिताको विजेता र उपविजेतालाई ट्रफी, मेडल र प्रमाणपत्रसहित रु एक लाख ५० हजार र रु ८० हजार प्रदान गरिने क्लबले जनाएको छ। अनुशासित र सेमीफाइनलबाट बाहिरिने टिमलाई रु १०/१० हजार, उत्कृष्ट खेलाडीलाई रु छ हजार, उत्कृष्ट गोलरक्षक, डिफेन्डर र सर्वाधिक गोलकर्तालाई रु पाँच/पाँच हजार पुरस्कार प्रदान गरिने क्लबले जनाएको छ ।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# शिक्षा विधेयक पारित गर्ने सुनिश्चितता गर

दुई हप्तादेखि काठमाडौंमा प्रदर्शन गरिरहेका शिक्षकहरूका माग सम्बोधन गर्न सरकारले विद्यालय विधेयक छिटोभन्दा छिटो पारित गर्ने प्रतिबद्धता जनाएको छ। मन्त्रिपरिषद्को मंगलबार बसेको बैठकले शिक्षकहरुसँग वार्ता र संवाद जारी राख्ने निर्णय गर्दै एसईईको उत्तरपुस्तिका परीक्षण, नयाँ भर्ना अभियान र कक्षा १२ को परीक्षालाई ध्यान दिएर शिक्षकहरुलाई आन्दोलन अन्त्य गरी विद्यालय फर्कन आह्वान गरेको छ । शिक्षामन्त्री विद्या भट्टराईले सरकार शिक्षकहरुको मागप्रति गम्भीर रहेको बताउँदै विद्यालय फर्किन आह्वान गरिएको जानकारी दिएकी छन । संघीय संसदमा विचचाराधीन रहेको विद्यालय शिक्षा विधेयक यथासक्य पारित गर्ने समेतका प्रयोजनका लागि समेत संघीय संसद्को बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ ।

सरकारको तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने शिक्षामन्त्रीको प्रतिबद्धता छ । सरकारले संघीय संसदको बजेट अधिवेशन आह्वान गर्न राष्ट्रपति समक्ष सिफारिस गर्ने निर्णय गरेको छ। मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले यही वैशाख १२ गते शुक्रबार दिउँसो १ बजे अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको शिक्षामन्त्री विद्या भट्टराईले जानकारी दिएकी छन । संघीय संसदमा विचचाराधीन रहेको विद्यालय शिक्षा विधेयक पारित गर्न ढिलाइ भएपछि नेपाल शिक्षक महासंघले चैत २० गतेदेखि काठमाडौं केन्द्रीत आन्दोलन गर्दै आएको छ। शिक्षकहरू काठमाडौंको माइतीघर देखि नयाँ बानेश्वरसम्म सडक ढाकेर आन्दोलन गरिरहेका छन। शिक्षकका माग सम्बोधन गर्न काङ्ग्रेस र एमालेका नेताहरूले सरकारलाई दबाब दिदै आएका थिए । विपक्षी माओवादी केन्द्र लगायतका दलहरुले आन्दोलनलाई सशक्त बनाउन आव्हान गरिरहेका छन । पुष्प कमल दाहाल प्रचण्ड प्रधानमन्त्री भएका बेला भएको सहमति कार्यान्वयन नभएपछि शिक्षक महासंघले आन्दोलन घोषणा गरेको हो ।

काङ्ग्रेस निकटका शिक्षक महासंघका अध्यक्ष भएको हुँदा काङ्ग्रेसको समर्थन रहनु स्वभाविक हो।काङ्ग्रेसका नेताहरू सरकारमा रहने र बाहिर हुनेहरुका फरकफरक विचार आउने गरेका छन । शिक्षकका मागको बारेमा छलफल भन्दा सामाजिक संजाल र संचार माध्यमबाट विचार राख्दा शिक्षकहरुलाई आन्दोलनमा लागिरहने अवस्था बनेको छ। शिक्षकका मागको मुख्य माग विद्यालय शिक्षा ऐन जारी गर्नु रहेको छ । जुन माग सम्बोधन गर्न समेतका प्रयोजनका लागि अधिवेशन आह्वान गर्न सिफारिस गरिएको छ। सरकारको तर्फबाट सो विधेयक पारित गर्न आवश्यक समन्वय र सहजीकरण गर्ने भएको छ। शिक्षकहरुले विद्यालय शिक्षा ऐन माग गरिरहेको बेला सरकारले यस्तो निर्णय गरेको हो। अब काङ्ग्रेस, एमाले, माओवादी केन्द्र लगायतका संसदमा प्रतिनिधित्व गर्ने दलहरु विधेयक चाँडै पारित गर्नेगरि लागेमा शिक्षकहरूलाई आन्दोलनबाट विद्यालयमा फर्काउन सकिनेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सहयोग मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : झमेला बड्ने | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शुभ यात्रा | मकर | : आर्थिक समस्या |
| सिंह | : स्वास्थ्यमा सुधार | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्भनुहोस् ।


# शान्ति निकेतनले सुविधा सम्पन्न भवन बनाउँदै



**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

पोखरा वडा नं. ५, पर्स्याङस्थित शान्ति निकेतन स्कूलले सुविधासम्पन्न भवन निर्माण गर्ने भएको छ । आफ्नै जग्गामा १५ करोड लागतमा अत्याधुनिक प्रविधिमैत्री भवन निर्माण गर्न लागेको विद्यालयले जानकारी दिएको छ। ६० करोड बजार मूल्यको जग्गामा बन्ने ५ तले भवनमा ४० कोठा रहनेछ।

उक्त भवनको विद्यालयका संस्थापक प्राचार्य डा.महेश्वर पराजुली, वडाध्यक्ष विष्णुप्रसाद बराल, संस्थापकका माताहरू कलावती र भद्रकली पराजुलीले नयाँ वर्षकै दिन सोमबार संयुक्त शिलान्यास गरे । भवन यही वर्षभित्र निर्माण सक्ने लक्ष्य छ । वडाध्यक्ष बरालले वडा नं. ५ को गर्वलायक शैक्षिक संस्था शान्ति निकेतन वडाको सम्पति भएको र शैक्षिक सेवा विस्तार गर्ने उद्देश्यका साथ भौतिक संरचना निर्माणतर्फ केन्द्रीत रहेकोमा खुशी व्यक्त गरे। शिक्षासेवी हेरम्बप्रसाद कोइरालाले भवन निर्माणसँगै पोखराको शिक्षा क्षेत्रमा योगदान पुग्ने औंल्याए। गण्डकी बोर्डिङका पूर्व प्राचार्य रविप्रसाद बरालले पोखराको शैक्षिक इतिहासमा शान्ति निकेतनले महत्वपूर्ण भूमिका खेलेको बताउँदै शिक्षा साझा विषयवस्तु रहेको उल्लेख गरे । हिसान कास्कीका सचिव एवं प्रतिभा माविका प्राचार्य किरण सापकोटाले शान्ति निकेतनलाई पोखराको अब्बल शैक्षिक संस्थाको संज्ञा दिए।

त्यस अवसरमा कास्की जिल्ला खेलकुद विकास समितिका सचिव एवं पूर्व जनप्रतिनिधि अञ्जु केसी, पोखरा महानगरकार्यपालिका सदस्य हरिमाया विश्वकर्मालगायतले पनि धारणा राखे । विद्यालयका संस्थापक प्राचार्य डा. पराजुलीले सर्वसुलभ गुणस्तरीय शिक्षा प्रदान गर्ने मान्यतामा साथ विद्यालय अगाडि बढिरहेको चर्चा गर्दै अभिभावकको सुझाव ग्रहण गरी भवन निर्माण थालिएको स्पष्ट पारे। विद्यालय अध्यक्ष कृष्णमणि भूर्त्यालको अध्यक्षतामा भएको कार्यक्रम समाजसेवी पुरुषोत्तम पराजुलीले संचालन गरेका थिए।

सोमबार शिलान्यासपछि पत्रकार सम्मेलन गर्दै विद्यालयले आगामी शैक्षिक रणनीतिका बारेमा पनि जानकारी दिएको छ। संस्थापक प्राचार्य डा. महेश्वर पराजुलीले विद्यालयको २० वर्षको गौरवमय शैक्षिक यात्राबारे जानकारी गराए । '२०६२ सालमा युवाहरूको पहलमा स्थापित यस विद्यालयको शैक्षिक गुणस्तरीयताबारे हामी गर्वका साथ भन्न सक्छौं कि पोखरा क्षेत्रका साढे दुई सय विद्यालयमध्ये विभिन्न परीक्षामा उत्कृष्ट स्थान हासिल गरी हामी पटक पटक सम्मानित भएका छौं। ४ जिपिए प्राप्त गर्ने विद्यार्थी उत्पादन भइसकेको छ।' - डा. पराजुलीले भने।

शान्ति निकेतन स्कुलको नयाँ भवन बागलुङ राजमार्गबाट १०० मिटर भित्र पोखरा ५ को धारापानीमार्गमा निर्माण हुने जनाइएको छ। आगामी २०८३ सालदेखि कक्षा १२ सम्मको पाठ्यक्रम विस्तार गरिने सुनाए।

पराजुलीले भने, 'लागत बढ्दैमा हामीले शुल्क वृद्धि नगर्ने र समय सापेक्ष शुल्क निर्धारण गर्ने प्रतिबद्धता जनाएका छौं। भूकम्पप्रतिरोधी नयाँ भवनमा अपांगता मैत्री सुविधाहरू, लिफ्ट, अण्डरग्राउण्ड पार्किङ, स्मार्ट क्लासरूम, डिजिटल उपकरणहरू, कम्प्युटर ल्याब, साइन्स ल्याब र वर्ल्ड क्लास डिजिटल लाइब्रेरीको व्यवस्था हुनेछ ।' विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कृष्णमणि भुर्त्यालले पनि विद्यालयका सबै प्रगतिको पक्षमा उल्लेख गर्दै सबैलाई शुभकामना दिएका छन् । उनले नयाँ संरचनाले विद्यार्थीलाई जीवनका विभिन्न पक्षमा सक्षम बनाउने र भविष्यमा पेशागत हिसाबले सक्षम नागरिक उत्पादन गर्ने उद्देश्यका साथ शान्ति निकेतन स्कूल अघि बढ्ने बताए।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ लाटलाटे खोला देखि रतन पाण्डे विद्यालयसम्म जाने बाटो सडक स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः लाटलाटे खोला देखि रतन पाण्डे विद्यालयसम्म जाने बाटो सडक स्तरोन्नती
ठेगानाः पोखरा–१३
योजना सम्झौता मितिः २०८१/१२/०५ गते
योजना शुरु मितिः २०८१/१२/०६ गते
योजना सम्पन्न भएको मितिः २०८२/१२/२१ गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजनाको कुल लागतः रु. ८,२३,५२९।-
महानगरपालिकाबाटः रु. ७,००,०००।-
जनसहभागिताबाटः रु. १,२३,५२९।-
अध्यक्षः विष्णु प्रसाद बराल मो. ९८५६०७५०९८
उपभोक्ता समिति सदस्य संख्याः ९

**रतन पाण्डे माध्यामिक विद्यालय व्यवस्थापन समिति पोखरा-१३**


# मोतियाबिन्दुका रोगीका आँखाको निशुल्क शल्याक्रिया

**पोखरापत्र संवाददाता**
स्याङ्जा, २ बैशाख

स्याङ्जामा आँखामा लाग्ने मोतियाबिन्दु रोगीहरु बढेको फेला परेको छ।

दुई पालिकाले निशुल्क आँखा जाँच शिविर संचालन गर्दा मोतियाबिन्दु रोगीहरु धेरै फेला परेका हुन् । हिमालय आँखा अस्पताल पोखराको प्राविधिक सहयोग र पालिकाहरुको समन्वयमा आयोजना गरिएको मोतियाबिन्दु रोगको स्क्रिनिङ शिविरबाट २ सय १६ जनामा यो रोग देखिएको छ । वालिङ नगरपालिकाले चैत्र २५ गते देखी ३१ गतेसम्म र अर्जुनचौपारी गाउँपालिकाले ३० र ३१ गते निशुल्क आँखा जाँच शिविर गरेका थिए । शिविरबाट वालिङ नगरपालिकामा १ सय ९० र अर्जुनचौपारी गाउँपालिकामा २६ जनामा मोतियाबिन्दु रोग देखिएको जनाएका छन् । यो शिविरमा जाँच गर्न आउनेको संख्याको आधारमा हेर्दा मोतियाबिन्दु रोगीको संख्या अझै हुनसक्ने अनुमान पालिकाहरुले लगाएका छन् । अर्जुनचौपारीमा भन्दा यो पटकको शिविरमा वालिङमा धेरैको संख्यामा मोतियाबिन्दु रोगी फेला परेको हिमालय आँखा अस्पतालले जनाएको छ। वालिङ नगर स्वास्थ्य शाखाका प्रमुख कमलप्रसाद पाण्डेका अनुसार शिविरमा १ हजार ३ सय ७९ जनाको आँखा परिक्षण गरिएको जानकारी दिए । महिला ९ सय १५ र पुरुष ४६४ जनाको शिविरबाट आँखा परिक्षण गर्दा १ सय ९० जनामा मोतियाबिन्दु रोग देखिएको स्वास्थ्य शाखा प्रमुख पाण्डेले बताए । मोतियाबिन्दु रोग देखिएका बिरामीको निशुल्क शल्याक्रिया हुने पाण्डेले बताए।

आँखा मानिसको संवेदन शिल अंग हो स्वास्थ्य शाखा प्रमुख पाण्डेले भने,'शिविरबाट धेरै जनामा मोतिबिन्दु रोग देखिनु राम्रो संकेत होइन।' यसको न्युनिकरण गर्न अव ६/६ महिनामा आँखा शिविर राख्नुपर्ने देखियो पाण्डेले भने ।



बिशेष गरेर उमेर ढल्केपछि ६/६ महिनामा आँखा जाँच गराउनुपर्छ तर ग्रामिण क्षेत्रका स्वास्थ्य चौकीमा आँखाको उपचार गर्ने सहज पहुँच नभएकाले यो समस्या देखिएको पाण्डेको अनुमान छ । यसको नगरपालिकाले नीतिगत निर्णय गरेर नागरिकलाई आँखामा देखिने मोतिबिन्दु रोगको न्युनिकरणमा लाग्नुपर्ने सुझाव पाण्डेको छ । वालिङमा लामो समय देखी गह्रौ प्रथामिक अस्पतालमा आँखाको छुट्टै डाक्टर राखेर सेवा दिदै आएको छ। तर समयमै आँखा जाँच गराउन नागरिकले चासो नदिदा ग्रामिण क्षेत्रमा मोतियाबिन्दु रोगीहरुको संख्या बढेको छ। नगरपालिकाले बेला–बेलामा आँखा शिविर आयोजना गर्दै आएको वालिङ नगर प्रवक्ता पदमराज गुरुङ्ले बताए। यो पटकको शिविरले हाम्रो ध्यानाकर्षण गराएको छ प्रवक्ता गुरुङ्ले भने,'आगामी बजेटमा नीतिगत निर्णय गरेर समस्या समाधान तर्फ लाग्ने छौं।' प्राविधिक स्वास्थ्यकर्मीहरु सगँ छलफल र परामर्स शुरु गरेर यो समस्या समाधान गर्ने तर्फ लाग्ने गुरुङ्ले बताए । नागरिकको स्वास्थ्यमा स्थानीय सरकारको चासो रहने र समाधानमा लाग्ने प्रयत्नहुने उनले बताए।

अर्जुनचौपारी गाउँपालिकाले शिविरबाट मोतियाबिन्दु रोग देखिएका नागरिकलाई निशुल्क शल्याक्रियाका लागि सघाउने भएको छ। दुवै पालिकामा भएको शिविरबाट फेला परेका मोतियाबिन्दुका रोगीहरुको वालिङको गह्रौ प्रथामिक अस्पतालमा बैशाख ६ र ७ गते हिमालय आँखा अस्पतालको सहयोगमा निशुल्क शल्याक्रिया हुदैछ।अर्जुनचौपारीलेमोतियाबिन्दुको शल्याक्रियामा आउन र लैजान निशुल्क सवारी साधनको व्यवस्था समेत गरिदिएको पालिका अध्यक्ष प्रकाश तिवारीले जानकारी दिए । आँखाको बेला–बेलामा जाँच गरेर मोतियाबिन्दु रोगबाट बच्न आँखाका चिकित्सकहरुले सुझाव दिएका छन् ।

# पर्यटकीय गन्तव्य बन्दै बन्दीपुर, एकै वर्ष दुई लाखले गरे भ्रमण

**रासस**
दमौली, २ बैशाख

विक्रम संवत् २०८१ मा दुई लाख पर्यटकले बन्दीपुर भ्रमण गरेका छन् । दुई लाख दश हजार पर्यटकले बन्दीपुर भ्रमण गरेका बन्दीपुर भ्रमण वर्ष सचिवालयले जनाएको छ।

उक्त अवधिमा ६० हजार विदेशी पर्यटक र एक लाख ५० हजार स्वदेशी पर्यटक आएका हुन् । सचिवालयका अनुसार गत जनवरी १ तारिखदेखि जारी बन्दीपुर भ्रमण वर्षका क्रममा पूर्वाधार विकास, तथ्याङ्क सङ्कलन, दक्ष जनशक्ति उत्पादन, पर्यटन व्यवसायीको स्तरमापन कार्यक्रम गरिएका छन् ।

प्रशस्त किनमेल गर्ने र लामो समयसम्म पर्यटकलाई नगर क्षेत्रमा नै आकर्षित गर्ने उद्देश्यका साथ अतिथि सत्कारलगायत गतिविधि गुणस्तरीय बनाइएको छ । पर्यटकीय गन्तव्य र उपजहरूको विस्तार, पर्यटकीय सेवासुविधा वृद्धिमा जोड दिइएको छ । बन्दीपुरमा जापान, चीन, इटाली, स्पेन, नेदरल्याण्ड्स, फ्रान्स, अमेरिका, जर्मनी, डेनमार्क, पाकिस्तान, अष्ट्रेलिया, संयुक्त अधिराज्य, दक्षिण कोरिया, बेल्जियम, थाइल्याण्ड, स्विट्जरल्याण्ड, मलेसिया, पोर्चुगल, चेक रिपब्लिक, इरान, भारत, ग्रिस र अर्जेन्टिनाबाट पर्यटक आएका थिए ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १९ मणिडाँडामा पर्यटन पूर्वाधार निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः मणिडाँडामा पर्यटन पूर्वाधार निर्माण
ठेगानाः पोखरा–१९
योजना सुरु हुने मितिः २०८१/१०/०८ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/२४ गते
योजनाको कुल लागतः रु.११,७६,८२६.४०
महानगरपालिकाबाटः रु. १०,००,०००।-
जनसहभागिताबाटः रु.१,७६,४७०.४०
अध्यक्षः ढुंडीराज पौडेल मो. ९८४६३०३३९५
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**मणिडाँडामा पर्यटन पूर्वाधार निर्माण उपभोक्ता समिति पोखरा-१९**



## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १० अर्न्तगत पर्ने अन्नपूर्ण मार्ग लेन इ र एफ मा बाटो ढलान गर्ने कार्यमा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः अन्नपूर्ण मार्ग लेन इ र एफ बाटो ढलान
ठेगानाः पोखरा–१०
योजना सम्झौता मितिः २०८१/०९/११ गते
योजना सुरु मितिः २०८१/०९/१२ गते
योजना सम्पन्न मितिः २०८१/११/२८ गते
योजनाको कुल लागतः रु.९,४१,२००।-
महानगरपालिकाबाटः रु. ८,००,०००।-
जनसहभागिताबाटः रु.१,४१,२००।-
अध्यक्षः किरणराज घिमिरे मो.९८४६०६१४६८
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ५, पुरुषः २ जना

**अन्नपूर्ण मार्ग लेन इ र एफ बाटो ढलान उपभोक्ता समिति पोखरा-१०**

# चौंथो मनुश्री भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता बुधबारदेखि

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

कास्की जिल्ला टेनिस संघको आयोजनामा बुधबारदेखि पोखरामा चौंथो संस्करणको मनुश्री भिग्नजित राष्ट्रिय जुनियर टेनिस प्रतियोगिता हुने भएको छ।

आयोजक संघले मंगलबार पोखरामा पत्रकार सम्मेलन गरी प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिएको हो । प्रतियोगितामा ८, ९, १०, १२, १४ र १६ वर्षमुनि ब्वाइज तथा गल्सतर्फ सिंगल,डबल्स गरी विभिन्न १४ इभेन्टमा प्रतिस्पर्धा हुने प्रतियोगिता संयोजक लोक गुरुङले पत्रकार सम्मेलनमा बताउनुभयो।




१६ वर्ष सिंगलतर्फ बिजेताले नगद १५ हजार तथा उप-विजेताले नगद ७ हजार ५ सय सहित मेडल प्राप्त गर्ने छन। ब्वाइज तथा गर्ल्स ओपन डबल्स तर्फ बिजेताले नगद १० हजार उप विजेताले ५ हजार सहित मेडल प्राप्त गर्ने आयोजक संघका अध्यक्ष राजकुमार गुरुङले जानकारी दिनुभयो । १४ वर्ष सिंगलतर्फ बिजेताले नगद १० हजार तथा उप-विजेताले नगद ५ सहित मेडल प्राप्त गर्ने छन । १२ वर्ष सिंगलतर्फ बिजेताले नगद ८ हजार तथा उप-विजेताले नगद ४ सहित मेडल प्राप्त गर्ने छन। ८, ९ र १० वर्ष मुनि ब्वाइज तथा गर्ल्स सिंगल्स बिजेता तथा उपबिजेताले गिफ्ट ह्याम्पर तथा मेडल प्राप्त गर्ने छन। प्रतियोगिता सम्पन्न गर्न झण्डै ४ लाख खर्च लाग्ने संघ कास्कीका अध्यक्ष भिष्मराज पौडेलले बताउनुभयो । पोखरामा खेल पर्यटन प्रवर्द्धन गर्न पनि प्रतियोगिता महत्वपूर्ण सावित भएको उहाँले बताउनुभयो । प्रतियोगितालाई कुमार मोहनबहादुर शाहीले मुख्य प्रायोजन गर्नुभएको छ । प्रतियोगितामा पोखरा सहित काठमाण्डौ, चितवन, बुटवलका खेलाडीहरुले भाग लिने टुर्नामेण्ट डाइरेक्टरकुमारअधिकारीलेजानकारी दिनुभयो। पत्रकार सम्मेलनमा बोल्दै संघ कास्कीका सदस्य प्रिति बरालले यो प्रतियोगिताले नवप्रतिभाशालि खेलाडीको प्रतिभा प्रस्फुटनमा मद्धत पुग्ने बताउनुभयो। नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका उपाध्यक्ष राजाराम पौडेलले प्रतियोगिता सफलताको शुभकामना व्यक्त गर्दैसञ्चार क्षेत्रले पनि सहयोग गर्नुपर्नेमा जोड दिनुभयो।

# लमजुङमा गुञ्जियो 'व्याक टु नाइन्टिज'

**पोखरापत्र संवाददाता**
पोखरा, २ बैशाख

सांगीतिक विरासत फर्काउन पोखराबाट शुरु भएको 'व्याक टु नाइन्टिज' विरासतलाई फर्केर हेर्दा कार्यक्रम लमजुङको वेशीसहरमा गुञ्जिएको छ।

पोखराको अपार सफलतापछि देशव्यापी अभियान शुरु गरेको 'व्याक टु नाइन्टिज'को थर्ड एडिसन वेशीसहरमा उत्साहजनक सहभागितामा सोमबार साँझ सम्पन्न भएको हो।

वेशीसहर युथ सोसाइटी सेरा लमजुङले रक्त अभावको समस्याको स्थायी समाधान खोज्नका लागि ब्लड डोनर्स एप्स निर्माणार्थ 'हाम्रो संगीत हाम्रो अभियान, रक्तदाताको पहिचान' भन्ने मूल नाराका साथ आयोजना गरेको कार्यक्रममा ६ वटा राष्ट्रिय व्याण्ड एउटै स्टेजमा गुञ्जिए । नब्बेको दशकमा उदाएर राष्ट्रिय/अन्तर्राष्ट्रिय ख्याती कमाउन सफल डि-मर्चा, लेकाली, देउराली, ब्रोसिस, मध्याह्न र भेगाबोण्ड व्याण्ड वेशीसहरमा गुञ्जिदा दर्शकहरु मन्त्रमुग्ध भए । पानी परेपछिको खुलेको सोमबार साँझ लमजुङको वेशीसहरमा दर्शकहरु रमाइलो गर्ने मूडमा थिए । कार्यक्रमको साक्षी बस्न र ऐतिहासिक पललाई स्वर्णिम बनाउन युवायुवतीहरुको




भीड थियो। सांगीतिक उत्सवमा जब कार्यक्रम सञ्चालक मनकुमार श्रेष्ठले व्याण्डहरुको नाम लिन्थे, उनीहरु समर्थनमा हुटिङ बजाउँथे। अनि व्याण्डहरुको गीत बज्दै जाँदा तालमा ताल मिलाउँदै गाउँथे र नाच्थेपनि । समयको पावन्दीले आफ्नो समयका हिट हिट गीतमात्र गुञ्जाउँदा दर्शक गीत, संगीतमा लठ्ठिए । डि-मर्चाले 'शिवजीको बस्ती छ' गाउँदा होस् वा 'झ्याम्म झ्याम्म' गाउँदा दर्शक कम्मर मर्काईमर्काई नाचे। अन्तिममा प्रस्तुती दिएको डिमर्चालाई थप गीत गाउन हुटिङ आईरह्यो तर समय पावन्दीले दर्शकको धित नमारी कार्यक्रमको बिट मार्नुपरेको थियो। त्यसअघि लेकाली व्याण्डले 'यो मुटुमा', 'पहिलो नजर'लगायतका हिट हिट गीतहरु गाउँदा दर्शकको वान्समोरको हुटिङ पाईरह्यो। अर्का लेजेण्डरी गायक कर्णदासको मध्याह्न व्याण्डले सौँच्दासोंच्दै होस् वा 'मनमनै मनपराई सकेछु' 'जिन्दगीको के भरोसा'लगायतका चर्चित गीतहरु गाउँदा दर्शक नोस्टाल्जिक भए।

ब्रोसिस व्याण्डले 'चाईना कम्पनी', देउराली व्याण्डले 'ढुंगेसाँघुको मेलामा' र भेगाबोण्ड व्याण्डले 'जीवन हो घामछायाँ'लगायतका चर्चित गाउँदा लयमा लय र तालमा ताल नमिसाउने कोहि थिएनन्।

कार्यक्रममा कोहि आफू सुन्दै हुर्किएका गीत सुन्न आएका थिए त कोहि 'बा' पुस्ताको सदाबहार गीत सुन्न आएका थिए । आफूहरुको उद्देश्य अनुसार नै युवा, अधवैंशे र बा पुस्तालाई सांगीतिक उत्सवमा समेट्ने प्रयास वेशीसहरमापनि सफल भएको कार्यक्रम संयोजक मनकुमार श्रेष्ठले बताए । उनले भने,'जहाँ दर्शकले आफूलाई ९० को दशकमा फर्किएर आफू हुर्किएको समय, परिवेश र माया, पिरती साट्दाको समयसँग रिलेट गर्दै मनोरञ्जन लेओस् । नया पुस्ताले बा पुस्ताको गीत सुनेर त्यो समय बुझोस भन्ने हो, त्यसमा हामी सफल भएका छौं।' 'व्याक टु नाइन्टिज'को देशव्यापी अभियान अन्तर्गत ब्लड डोनर्स एप्स निर्माण गर्ने पवित्र उद्देश्य राखेर वेशीसहरमा कार्यक्रम गर्न पाएकोमा खुसी व्यक्त गरे । 'सांगीतिक विरासत फर्काउनका लागि योगदान दिन पाउनु अहोभाग्य हो। यसमा सहयोग गर्ने सबैलाई धन्यवाद'-उनले भने।

'व्याक टु नाइन्टिज'को आगामी अभियान विराटनगर, भक्तपुर, र चितवनमा हुने कार्यक्रम संयोजक मनकुमार श्रेष्ठले जानकारी दिए।

कार्यक्रममार्फत संघले सुसुप्त अवस्थामा रहेका पुराना सांगीतिक व्याण्डहरुको पुर्नजागरण गर्ने र नया पुस्तालाई संगीतमा लागेरपनि भविष्य बनाउन सकिन्छ भन्ने सन्देश दिदै पर्यटनको राजधानी पोखरालाई रिब्राण्डिङ गर्ने, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने, गीत, सङ्गीतमार्फत् निराशाको निवारण र आशाको धुन सञ्चार गर्नेलगायतका उद्देश्य रहेको छ । अभियानमा पोखरा महानगरपालिका प्रवर्द्धकका रुपमा रहनेछ।

## गण्डकी प्रदेश सरकार
## स्वास्थ्य मन्त्रालय
## प्रादेशिक स्वास्थ्य निर्देशनालय
# मातृशिशु मितेरी प्रादेशिक अस्पताल
## पोखरा, कास्की

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकासन मिति २०८२/०१/०३ गते)**

**प्रस्तुत विषयमा यस अस्पतालबाट मिति २०८१/११/२० गते प्रकाशित सूचना अनुसार अस्पतालमा RAMP निर्माणको लागि भएको बोलपत्र आव्हानको सूचना मिति २०८१/१२/२२ गते खोलि मूल्याङ्कन गर्दा न्युनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र स्विकृतिको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन २०६३ को दफा २७(२) र ३ को प्रयोजनार्थ सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

**तपशिल**

| क्र. सं | बोलपत्र नं | ठेक्काको नाम | छनौट भएको बोलपत्रदाता | कवोल गरेको रकम रु. (मु.अ.कर वाहेक) |
|---|---|---|---|---|
| १ | MMH/ NCB/W/ 07/2081-82 | Construction of Ramp in Matrishishu Miteri Provincial Hospital | Suntantra Construction Pvt. Ltd. | 4310199.8 |

**मेडिकल सुपरिटेन्डेन्ट**

# ऋण चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मितिः २०८२/०१/०३**

यस पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट तपशिलमा उल्लेखित सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनु भएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज एवम् हर्जना व्याज समयभित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नुभएको सम्झौता उल्लङ्घन गरी बस्नु भएको र पटक-पटक मौखिक तथा लिखित र मिति २०८१/११/२८ गतेको ढोरपाटन राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम बुझाउन कुनै पहल गरेको नपाईएको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र यस संस्थालाई बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज तथा अन्य दै-दस्तुर रकम बुझाउनुहोला। अन्यथा तपाई ऋणी तथा धन जमानत बस्ने व्यक्तिले यस संस्थालाई ऋण सुरक्षण बापत लेखी लेखाई दिएको श्रीसम्पत्ति सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा संस्थाको ऋण नीति बमोजिम लिलामी प्रकृया अगाडि बढाई संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ।

| क्र.सं. | ऋणी सदस्य एवं धन जमानतको विवरण |
|---|---|
| १ | • ऋणी सदस्य : सुशिला भण्डारी<br>• श्रीमान् : भोजराज पराजुली<br>• ससुरा : मोहलाल पराजुली<br>• ठेगाना : नवलपरासी जिल्ला अग्यौंली गा.वि.स. वडा नं. ९ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ६<br>• धन जमानत दिने : भोजराज पराजुली<br>• धन जमानत दिनेको ठेगाना : पर्वत जिल्ला वर्राचौर गा.वि.स. वडा नं. १ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ६ |
| २ | • ऋणी सदस्य : सन्जय श्रेष्ठ<br>• बाबु : सनत कुमार श्रेष्ठ<br>• बाजे : शान्त कुमार श्रेष्ठ<br>• ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८<br>• धन जमानत दिने : सोनी श्रेष्ठ<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ |
| ३ | • ऋणी सदस्य : वासु नेपाली<br>• बाबु : प्रेम बहादुर नेपाली<br>• बाजे : हिरे नेपाली<br>• ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९<br>• धन जमानत दिने : गायत्री नेपाली<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९<br>• धन जमानत दिने : दिपेश नेपाली<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ९ |
| ४ | • ऋणी सदस्य : दुर्गा श्रेष्ठ<br>• श्रीमान् : सनत कुमार श्रेष्ठ<br>• ससुरा : शान्त कुमार श्रेष्ठ<br>• ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८<br>• धन जमानत दिने : सनत कुमार श्रेष्ठ<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८<br>• धन जमानत दिने : सन्जय श्रेष्ठ<br>धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ |
| ५ | • ऋणी सदस्य : गीता के.सी.<br>• श्रीमान् : भरत के.सी<br>• सुसुरा : मक्करबहादुर के.सी.<br>• ठेगाना : तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स वडा नं. २ हाल कास्की जिल्ला पोखरा म.न.पा. १०<br>• धन जमानत दिने : भरत के.सी.<br>• धन जमानत दिनेको ठेगाना : तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स वडा नं. २ हाल कास्की जिल्ला पोखरा म.न.पा. १० |
| ६ | • ऋणी सदस्य : सनत कुमार श्रेष्ठ<br>• बाबु : शान्त कुमार श्रेष्ठ<br>• बाजे : सोम बहादुर श्रेष्ठ<br>• ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८<br>• धन जमानत दिने : दुर्गा श्रेष्ठ<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८<br>• धन जमानत दिने : सन्जय श्रेष्ठ<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ८ |
| ७ | • ऋणी सदस्य : भरत के.सी.<br>• बाबु : मक्करबहादुर के.सी.<br>• बाजे : हर्क बहादुर के.सी.<br>• ठेगाना : तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स वडा नं. २ हाल कास्की जिल्ला पोखरा म.न.पा. १०<br>• धन जमानत दिने : गिता के.सी.<br>• धन जमानत दिनेको ठेगाना : तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स वडा नं. २<br>• हाल कास्की जिल्ला पोखरा म.न.पा. १० |
| ८ | • ऋणी सदस्य : राधा न्यौपाने<br>• श्रीमान् : कान्छो ओली<br>• ससुरा : चेतनाथ ओली<br>• ठेगाना : नवलपरासी जिल्ला दुम्कीबास गा.वि.स वडा नं. १ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १४<br>• धन जमानत दिने : कान्छो ओली<br>• धन जमानत दिनेको ठेगाना : कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ |
| ९ | • ऋणी सदस्य : बुद्धिमाया दुरा (गुरुङ्ग)<br>• श्रीमान् : हरिसिङ्ग दुरा (गुरुङ्ग)<br>• ससुरा : कमान सिंङ्ग दुरा<br>• ठेगाना : लमजुङ जिल्ला सिन्दुरे गा.वि.स वडा नं. ५ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५<br>• धनजनमानत दिने : हरिसिङ्ग दुरा (गुरुङ्ग)<br>• धनजनमानत दिनेको ठेगाना : लमजुङ जिल्ला सिन्दुरे गा.वि.स वडा नं. ५ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५<br>• धनजनमानत दिने : आशिष दुरा<br>• धनजनमानत दिनेको ठेगाना : लमजुङ जिल्ला सुन्दरबजार न.पा वडा नं. ११ हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १५ |

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**Pokhara Royal Saving & Credit Co-operative Society Limited**
Head Office: Pokhara-10, Buddhachowk, Kaski, Nepal | ☎: 061-588833, 587833, 570833, 570933
E-mail: info@royalcooperative.com Website: www.royalcooperative.com